# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## अन्नपूर्ण गाउँपालिका

### म्याग्दी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## अन्नपूर्ण गाउँपालिका

म्याग्दी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## अन्नपूर्ण गाउँपालिका

म्याग्दी

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

पत्र संख्याः २०७९।८०
च.नं. ८०

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
अन्नपूर्ण गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, म्याग्दी।

**कैफियत सहितको राय**

हामीले अन्नपूर्ण गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.२० करोड ९६ लाख ५६ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु १६ करोड ९५ लाख ८ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ६२ लाख ९४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड २१ लाख ९८ हजार, नियमित गर्नुपर्ने रु १ करोड १२ लाख ९७ हजार र पेश्की रू. ३ लाख ५८ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ६ करोड २१ लाख ८९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १० करोड ११ लाख ५३ हजार रहेको छ । पालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४७ | ६२ | २०९६५६ | ० | ३६ | १६९५०८ | ४७ | २६ | ४०१४८ | ६२९४ | ११२९७ | २२१९८ | ० | ० | ३३४९५ | ३५८ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ५.१ | जिम्मेवारी फरक परेको | ९३३०४५०८ |
| २ | ६ | वैंक हिसाव मिलान नगरेको | ५२८०३३७६.३५ |
| ३ | १३.१ | कोष तर्फ सुत्रमा लेखा नरहेको यकिन गर्नुपर्ने | ४८६६११६.६५ |
| ४ | ३१ | पेश्की बाँकी फर्छयौट हुनुपर्ने | ३९४६२७ |
| ५ | ३५ | ठेक्का अन्त्य गरी संचित कोषमा दाखिला गर्नुपर्ने रकम | ४९३००० |
| ६ | ३८ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको प्रमाण पेश गर्नुपर्ने | ११८००००० |

| | | | |
|---|---|---|---|
| ७ | ३९.२ | नमुना विद्यालयको रुपमा ज्ञान प्रकास मा वि लाई वढी निकासा भएको रकम फिर्ता गरेको भौचर सुनिश्चित हुनुपर्ने | ४१०५६५ |
| ८ | ४१ | सम्झौता वमोजिम कार्य नभएको भुक्तानी रकम असुल गर्नुपर्ने | ११२२८३ |
| ९ | ४२ | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत श्रमिकलाई वढी ज्याला भुक्तानी गरेको असुल गर्नुपर्ने | १०७२५६१ |
| १० | ४३ | विज्ञान प्रयोगशाला सामाग्री खरिदलाई नियमित गर्नुपर्ने | १२००० |
| ११ | ४४ | सुरक्षित नागरिक आवास कार्यक्रममा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने | ३७००००० |
| १२ | ५३ | वढी भुक्तानी असुल हुनुपर्ने | ७४५० |
| १३ | ५५ | नर्मस भन्दा वढी भुक्तानी संचित कोषमा दाखिला गर्नुपर्ने | २४००० |
| १४ | ५६ | मर्मत आदेश स्वीकृत विना खर्च | २९७९८१ |
| १५ | ६१ | एउटै व्यक्तिको दुई वडाबाट भुक्तानी भएको असुल गर्नुपर्ने | ७९८० |
| १६ | ६३ | दोहोरो नागरिकतावाट दोहोरो रकम भुक्तानी गरेको असुल गर्नुपर्ने | २०२२२४ |
| | | **जम्मा** | १६९५०८६७२ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| अन्नपूर्ण गाँउपालिपका | ६२१८९ | ० | ११८४ | ६१००५ | ० | ४०१४८ | १०११५३ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान: अन्नपूर्ण गाउँपालिका, म्याग्दी।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | suran prashad sharma paudel | २०७७-१२-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | prem parajuli | २०७६-८-२९ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४०,१४७,४२०.३४ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ५,६१,४०,४१७.४९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८,५०,०७,७३०.०९ | **चालु खर्च** | २५,७७,८९,०९० |
| **प्रदेश सरकारबाट अनुदान** | १,११,२८,००० | **पूँजीगत खर्च** | १०,९४,९३,६८५ |
| **राजश्व बाँडफाँट** | ७,१२,६०,६०९ | **वित्तीय/अन्य व्यवस्था** | १,६०,५६,३००.८८ |
| **आन्तरिक आय** | ७३,६७,८५८ | | |
| **अन्य आय** | २,७२,५३,४६०.२५ | | |
| **कुल आय** | ४०,२०,१७,६५७.३४ | **कुल खर्च** | ३८,३३,३९,०७५.८८ |
| **बाँकी मौज्दात** | | ७,२३,१८,९९८.९५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **लेखापरीक्षण**<br>उल्लेखित आर्थिक कारोवारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत NAMS बिधी प्रयोगगरी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौंल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन ।लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा पालिकाका अध्यक्ष , उपाध्यक्ष लगायत कार्यालय प्रमुख र जिम्मेवार शाखा प्रमुखहरु समेतका पदाधिकारीहरूसँग मिति २०७९।५।२४ मा भएको छलफल पश्चात् कायम भएका व्यहोराहरू निम्नानुसार छन्ः | |
| २ | | | **परीचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस अन्नपूर्ण गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४२ सभा सदस्य, ५५६.४२ वर्ग किलोमिटर क्षेत्रफल तथा १३ हजार ३१५ जनसंख्या रहेको छ । | |
| ३ | | | **संचितकोष**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ र७२ बमोजिम गाँउपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय व्यय हिसावको आर्थिक बर्ष २०७८।७९ को बित्तीय प्रतिवेदन म ले प फा नं २७२ निम्न बमोजिम रहेको छ<br>विवरण \| यस वर्ष रु. \| गतवर्ष रु. | |

| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| **प्राप्ती (क+ख)** | ५१,००,६०,५०६.२२ | ३९,९५,१७,६५७.३४ | | ३९,९५,१७,६५७.३४ | ४०,०८,३७,९१५.४३ | | ४०,०८,३७,९१५.४३ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | ४३,१७,१०,००० | ३७,२२,७४,१९७.६८ | ० | ३७,२२,७४,१९७.६८ | ३७,८४,४०,१७८.७७ | ० | ३७,८४,४०,१७८.७७ |
| ११००० कर | ७,६९,१३,००० | ७,२७,६९,२६२.३३ | ० | ७,२७,६९,२६२.३३ | ६,३४,२०,८५३.७७ | ० | ६,३४,२०,८५३.७७ |
| १३००० अनुदान | ३४,६५,८७,००० | २९,३६,३५,७३०.०९ | ० | २९,३६,३५,७३०.०९ | ३१,२८,३१,६२० | ० | ३१,२८,३१,६२० |
| संघीय सरकार | ३२,८३,१५,००० | २८,२५,०७,७३०.०९ | ० | २८,२५,०७,७३०.०९ | २९,५६,९०,६२० | ० | २९,५६,९०,६२० |
| प्रदेश सरकार | १,८२,७२,००० | १,११,२८,००० | ० | १,११,२८,००० | १,७१,४१,००० | ० | १,७१,४१,००० |
| १४००० अन्य राजस्व | ८२,१०,००० | ५८,६९,२०५.२६ | ० | ५८,६९,२०५.२६ | २१,८७,७०५ | ० | २१,८७,७०५ |
| ख. अन्य प्राप्ति | ७,८३,५०,५०६.२२ | २,७२,४३,४५९.६६ | | २,७२,४३,४५९.६६ | २,२३,९७,७३६.६६ | | २,२३,९७,७३६.६६ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | १,८८,०१,५०६.२२ | २,४५,०१,५०६.२२ | ० | २,४५,०१,५०६.२२ | २,०५,३७,१२२.७२ | ० | २,०५,३७,१२२.७२ |
| धरौटी | ० | २७,४१,९५३.४४ | ० | २७,४१,९५३.४४ | १८,६०,६१३.९४ | ० | १८,६०,६१३.९४ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ५,९५,४९,००० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ५५,५६,७७,५०६.२२ | ३८,३३,३९,०७५.८८ | | ३८,३३,३९,०७५.८८ | ३५,४०,६९,१६३.७४ | | ३५,४०,६९,१६३.७४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ४७,७३,२७,००० | ३६,७२,८२,७७६.१८ | | ३६,७२,८२,७७६.१८ | ३४,१०,६२,२४३.८९ | | ३४,१०,६२,२४३.८९ |
| २१००० पारिश्रमिक / सुविधा | २१,५९,५७,२०० | १८,३८,७५,८१८.६५ | ० | १८,३८,७५,८१८.६५ | १६,०९,४९,२२०.३६ | ० | १६,०९,४९,२२०.३६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ८,१४,८८,८०० | ४,३२,१७,३७२.३२ | ० | ४,३२,१७,३७२.३२ | ३,५०,११,४९८.२६ | ० | ३,५०,११,४९८.२६ |
| २५००० सहायता (Subsidy) | १,२२,४८,००० | १,०७,६४,४३५ | ० | १,०७,६४,४३५ | ३८,२०,००० | ० | ३८,२०,००० |
| २६००० अनुदान | २,८२,००० | २,२५,४०० | ० | २,२५,४०० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १,८९,९९,००० | १,५३,५९,८३२ | ० | १,५३,५९,८३२ | २,२६,६३,८१६.८३ | ० | २,२६,६३,८१६.८३ |
| २८००० अन्य खर्च | ६४,५०,००० | ४३,४६,२३३ | ० | ४३,४६,२३३ | ४१,१४,८०० | ० | ४१,१४,८०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १४,१९,०२,००० | १०,९४,९३,६८५.२१ | ० | १०,९४,९३,६८५.२१ | ११,४५,०२,९०८.४४ | ० | ११,४५,०२,९०८.४४ |
| घ. अन्य भूक्तानी | ७,८३,५०,५०६.२२ | १,६०,५६,२९९.७० | | १,६०,५६,२९९.७० | ३५,४०,६९,१६३.७४ | | ३५,४०,६९,१६३.७४ |
| कोषहरु | १,८८,०१,५०६.२२ | १,५८,१७,३१९.७० | ० | १,५८,१७,३१९.७० | १,१४,०५,३४६.८५ | ० | १,१४,०५,३४६.८५ |
| धरौटी | ० | २,५२,००० | ० | २,५२,००० | १६,०१,५७३ | ० | १६,०१,५७३ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ५,९५,४९,००० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -१३,०२० | | -१३,०२० | | | |
| ङ. यो वर्षको बचत (न्युन) | (४,५६,१७,०००) | १,६१,७८,५८१.४६ | | १,६१,७८,५८१.४६ | ४,६७,६८,७५१.६९ | | ४,६७,६८,७५१.६९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ५,६१,४०,४१७.४९ | | ५,६१,४०,४१७.४९ | ११,०४,२८,८९७.२१ | | ११,०४,२८,८९७.२१ |
| वर्षान्तको बाकी रकम (ङ + च) | (४,५६,१७,०००) | ७,२३,१८,९९८.९५ | | ७,२३,१८,९९८.९५ | १५,७१,९७,६४८.९० | | १५,७१,९७,६४८.९० |

४ **वित्तीय विवरण**

४.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे को आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए को ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः

- स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।
- आर्थिक कारोबारहरूको बैङ्क हिसाब मिलान नगरेकोले श्रेस्ता अनुसार बैंक मौज्दात स्थानीय तहका सबै खाताहरूको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको।

स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सबै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिड्दैन । लेखापरीक्षणका क्रममा वित्तीय प्रतिवेदन र लेखाङ्कनमा फरक रहेको कारण स्थानीय तहले पेस गरेको आय—व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोकेका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

<table>
<tr><td>४.२</td><td></td><td></td><td>फिर्ता दाखिला - आर्थिक वर्ष २०७८।७९ मा निकासा मध्ये बाँकी रहेका संघीय सशर्त अनुदान चालु तर्फ रु ३७३०७३९३।६४ र पूँजिगत तर्फको रु ८४९९८७६।२७ मिति २०७९।३।३० मा नेपाल बैङ्क लि. बेनी शाखामा दाखिला भएको छ। संघीय विशेष तर्फ, प्रदेश विशेष अनुदान र समपुरक तर्फ निकासा अनुसार खर्च भएकोले फिर्ता दाखिला गर्नुपर्ने स्थिति रहेको देखिएन ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>हिसाव फरक</td><td></td></tr>
<tr><td>५.१</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । तर स्थानीय तहको बित्तीय बिवरण म ले प फा नं मा २७२ अनुसार गत वर्षको अन्त्यमा रु १५६१७०९४५।७८ देखिन्छ भने यस वर्ष जिम्मेवारी सारेको रकम रु १४८४१८२२२।३६ देखिन्छ जस अनुसार गत वर्ष बाँकी रहेको भन्दा रु ७७५२७२३।४२ कम जिम्मेवारी सारेको देखिन्छ । यसरी गत वर्षको मौज्दात भन्दा कम जिम्मेवारी सारेको रकम रु७७५२७२३।४२ को हिसाब मिलान गरी प्रतिवेदन पेश गर्नुपर्ने रु<br>(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१९ को निर्णयबाट रु. ९३३०४५०७.९९ ।-सम्परीक्षण गरिएको र बाँकी रु ७७५२७२३.४२ थप वेरुजु कायम गरिएको।)</td><td>०</td></tr>
<tr><td>५.२</td><td></td><td></td><td>अन्तर हिसाव फरक- यस पालीकाको संचित कोषको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं.२७२ र पालीका कै स्थानीय तहहरुको एकिकृत वित्तीय विवरण रिपोर्ट १ को समग्र प्राप्ती, खर्च र मौज्दातमा देहाय अनुसार फरक परेको छ । यस्तो फरक रकमले पालिकाको संचित कोषले देखाउने वित्तीय अवस्थामा फरक पर्ने हुँदा समयमा यस्तो रकम सुनिश्चित गरी हिसाव अद्यावधिक गर्नुपर्दछ ।
<table>
<tr><td>विवरण</td><td>संचित कोष (म.ले.प.फा.नं.२७२ अनुसार</td><td>स्थानीय तहको एकिकृत वित्तीय विवरण रिपोर्ट -१ अनुसार</td><td>फरक</td></tr>
<tr><td>प्राप्ती</td><td>३९९५१७६५७।३४</td><td>४८६०५०८६४।१३</td><td>(८८५३३२०६।७९)</td></tr>
<tr><td>खर्च</td><td>३८३३३९०७७।८८</td><td>३६७२८२७७६।१८</td><td>१६०५६३०१।७०</td></tr>
<tr><td>मौज्दात</td><td>१६१७८५८१।४६</td><td>११८७६८०८७।९५</td><td>(१०२५८९५०६।४९)</td></tr>
</table></td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>बैंक हिसाब मिलान नगरेको</td><td>०</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१९ को निर्णयबाट रु.५,७४,५२,२९८।- सम्परीक्षण गरिएको र रु ४६४८९२१.६५ थप वेरुजु कायम गरिएको।)</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>खर्च विश्लेषण<br>पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.७३,६७,८५८।राजस्व बाँडफाँड रु ७१२,६०, ६०९। र अनुदानबाट रु.२९,३६,३५,७३०।समेत रु.3९,९५,१७६,५७।आम्दानी भएकोमा चालु तर्फ रु.२५,७७,८९,०९०।- र पुँजीगत तर्फ रु.10,९४,९३,६८५।- समेत रु.३६,७२,८२,७७६।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.1,0५,८१,५४८।- खर्च भएको छ जुन आन्तरिक आयको १.४४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट 6४.५२ प्रतिशत चालु र २७.४० प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।<br>लेखापरीक्षणलाई कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष कुल आन्तरिक आम्दानी रु.७४,१७,८५४। रहेकोमा पालिकाको कुल प्रशासनिक खर्च रु.१२,७७,६३,१८७। रहेको छ । आन्तरिक आयको तुलनामा प्रशासनिक खर्चको हिस्सा ३.७६ गुणा बढी रहेको छ । पालिकाले आन्तरीक आम्दानीका थप स्रोतहरू बढाउन पहल गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>संचितकोष फिर्ता<br>संचितकोष फिर्ताः पालिकाले निम्नानुसारको चालु खर्च खाता र पूजिगत खर्च खातामा बर्षान्तमा मौज्दात रहेको रकम स्थानीय सञ्चितकोष खातामा स्थानान्तर गरेकोमा बैकं स्टेटमेण्टमा सो रकम २०७९।४।१७ मा मात्र जम्मा हुंदा देहाय अनुसार रु ९५,३३,४८१।०३ घटी जम्मा भएको देखिएकाले यस सम्वन्धमा छानबीन गरी हिसाव यकिन गरी पेश गर्नुपर्ने देखिएको रु
<table>
<tr><td>बिवरण</td><td>पूजिगत खर्च खाता</td><td>बिवरण</td><td>चालु खर्च खाता</td></tr>
<tr><td>भौ नं ८१।२०७९।३।३२ मा पुजिगत खर्चखाताको मौज्दात रकम सञ्चित कोषमा ट्रान्सफर गरेको रु</td><td>६३,०२,०८२।५२</td><td>भौ नं ८०।२०७९।३।३२ मा चालु खर्चखाताको मौज्दात रकम सञ्चित कोषमा ट्रान्सफर गरेको रु</td><td>१,४६,६१,७८०।५३</td></tr>
<tr><td>प्रभु बैंक स्थित संचितकोष हिसावबमा २०७९।४।१७ मा मात्र जम्मा भएको</td><td>४३,१०,२५७।५२</td><td>प्रभु बैंक स्थित संचितकोष हिसावबमा २०७९।४।१७ मा मात्र जम्मा भएको</td><td>७१,२०,१२४।५०</td></tr>
</table></td><td>९५३३४८१</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| घटी जम्मा (क) | १९,९१,८२५।०० | घटी जम्मा (ख) | ७५,४१,६५६।०३ |
| दुबै जम्मा (क+ख) | | | ९५,३३,४८१।०३ |

९

**अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष रु. ७ करोड ३२ लाख ३० हजार बिबिध मा राखि अबण्डा हुनेगरी खर्च गरेको छ ।उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट पुँजीगततर्फ विभन्न शीर्षकमा पुरै बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

१०

**कार्यक्रम कार्यान्वयन**

१०.१

**कार्यक्रम परिवर्तन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ।सो विपरीत वडा कार्यालयहरूको सिफारिसमा गाउ कार्यपालिकाले निर्णयानुसार विभिन्न मितिमा फटक पटक कार्यक्रम संसोधन गरी रकम खर्च गरेको पाईयो ।

१०.२

**योजना र कार्यान्वयन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्ः

| क सं | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमका योजना | ६ | ३००००० |

| | | | |
|---|---|---|---|
| २ | रु १ लाख एक देखि रु ५ लाख सम्मका योजना | १२३ | ४६६२९०० |
| ३ | रु ५ लाख एक देखि रु १० लाख सम्मका योजना | ८५ | ६३४५०३०० |
| ४ | रु १० लाख एक देखि रु ५० लाख सम्मका योजना | ४३ | ४१५८४७०० |
| ५ | रु ५० लाख भन्दा माथिका योजनाहरु | ० | ० |
| | जम्मा | २५७ | १०९९९७९०० |

११ **चौमासिक खर्च**

११.१ **चौमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १९ मा आफ्नो कार्यालय तथा मातहतका कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ । यस्तै दफा २३ मा बजेट तथा कार्यक्रमको अनुगमन तथा मुल्यांकन त्रैमासिक र मासिकरुपमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय अनुसार छ । कार्यालयले यस बर्षको कुल पुजिगत खर्चको ८७.२३ प्रतिशत रकम तेस्रो चौमासिकमा र ५५.५५ प्रतिशत रकम आषाढमा खर्च गरेको देखिन्छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| सि.नं. | पुँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| 1 | पुँजीगत | १०९४९३ | | | ९५५१७ | ६०८३१ |
| | खर्च प्रतिशत | | | | ८७.२३ | ५५.५५ |

११.२ **प्रगति विवरण नभएको** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष उपभोक्ता समितिवाट सञ्चालित कुल २५७ योजनाहरू सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरूको प्रगति विवरण पेस हुन आएन । सञ्चालित योजनाहरूको कार्यसम्पन्न अवस्था, वित्तीय एवं भौतिक प्रगति स्थिति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को

विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन र सञ्चालित कार्यको प्रगति विवरण तयार हुनुपर्दछ ।

१२ **क्षेत्रगत बजेट**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । क्षेत्रगत बजेट बिश्लेषण गर्दा आर्थिक बिकासमा ४.५४ प्रतिशत पूर्वाधारमा २० प्रतिशत मात्र कुल बजेटमा खर्च भएको देखिन्छ

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | बजेटको खर्च (%) | कुल खर्चमा प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | 30950 | 16787 | 54.24 | 4.57 |
| २ | सामाजिक विकास | 244718 | 208713 | 85.29 | 56.83 |
| ३ | पूर्वाधार विकास | 96011 | 76606 | 82.36 | 20.86 |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 2174 | 1481 | 68.09 | 0.4 |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | 106474 | 63697 | 59.82 | 17.34 |
| कुल जम्मा | | 477327 | 367283 | 76.94 | 100 |

१३ **कोष तर्फ**

१३.१ **कोष तर्फ** ०

*.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१९ को निर्णयबाट रु.५०,७०,४८१ ।- सम्परीक्षण गरिएको ।)*

१३.२ **प्रकोप व्यवस्थापन कोष -** यस कोषमा बर्षारम्भको शुरु मौज्दात रु १४०४१९६८।२२ रहेकोमा यस बर्ष कुनै रकम थप भएको छैन । सो रकमवाट यसवर्ष सडक मर्मत, पहिरो नियन्त्रण, मोटरवाटोमा सोलिगं सहित कल्भर्ट निर्माण आदी कार्यमा उपभोक्ता समितिहरुलाइ रु ७५११७७५।७० भुक्तानी भएको छ । कोषमा बर्षान्तमा रु ६५३०४२१।५२ मौज्दात रहेको छ।

<table>
<tr><td>१४</td><td></td><td></td><td>बजेट पेस, पारित र अख्तियारी<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री केशमाया मगरले २०७८।3।७ गते रु.४२ करोड ३० लाख ६७ हजारको बजेट सभा समक्ष पेस गरेकोमा २०७८।3।७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।3।20 मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । पालिकाले मिति 207८/१०/१७ मा सभाबाट बजेट संशोधनन गरी रु.४६ करोड ९८ लाख १२ हजार पुगेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>डीपीआर खर्च<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना र डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । अध्ययन गरीएका आयोजनाहरु कार्यान्वयनमा आए नआएको स्पष्ट खुलासा गरेको छैन ।<br>हजारमा
<table>
<tr><th>सि न</th><th>कार्य विवरण</th><th>स्वीकृत लागत रकम</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>preparation Of periodic development Plan for annapurna Rural municipality ,myagdi</td><td>400000</td><td>894.96</td></tr>
<tr><td>२</td><td>Preparation of tourism Master plan of Punhill, Fulbari ,kalidaha, MohareDanda & Khopra of Annapurna Gaupalika Myagdi</td><td>350000</td><td>4981.176</td></tr>
<tr><td>३</td><td>Structural Analysis And Design ,electrical drawing and Sanitary Drawing ,Architectural Drawing and detail Cost Estimate</td><td>40000</td><td>350</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट कै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर. तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>न्याय सम्पादन</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 46 देखि 53 सम्म अधिकारक्षेत्र तथा न्याय सम्पादनको प्रकृयाको व्यवस्था गरेको छ । समितिमा परेका उजुरीमध्ये मेलमिलाप प्रकृतिको आधारमा दर्ता भएको 3 महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । गत आ.व सम्म फछ्र्यौट हुन बाँकी नभएको यस वर्ष कार्यालयमा ५ वटा उजुरी दर्ता भई कायम रहेकोमा १ वटा फर्छ्यौट भएको र ४ वटा उजुरी फछ्र्यौट आपसी सहमतिमा मिलापत्र भएको छ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>सेवा प्रवाह<br>आ.ब 2078/079 मा निम्न बमोजिमका सेवा प्रवाह भएको देखिन्छ । लेखापरीक्षणको लागि प्राप्त विवरण अनुसार यस वर्ष नागरिकता सिफारिस, नक्सा सिफारिस , घरबाटो सिफारिस र नाता प्रमाणित सेवा शुन्य रहेको छ ।
<table>
<tr><td>सि.नं.</td><td>विवरण</td><td>गत वर्ष सेवा प्राप्तिका लागि निवेदन र सिफारिस सख्या</td><td>यस वर्ष सेवा प्राप्तिका लागि निवेदन र सिफारिस सख्या</td></tr>
<tr><td>१</td><td>विवाह दर्ता</td><td>८५</td><td>२५८</td></tr>
<tr><td>२</td><td>जन्म दर्ता</td><td>३११</td><td>५५३</td></tr>
<tr><td>३</td><td>मृत्यु दर्ता</td><td>१९३</td><td>३०६</td></tr>
<tr><td>४</td><td>बसाईसराई दर्ता</td><td>५२</td><td>६४</td></tr>
<tr><td>५</td><td>सम्बन्ध विच्छेद</td><td>५</td><td>३८</td></tr>
<tr><td>६</td><td>नागरिकता सिफारिस</td><td>०</td><td>०</td></tr>
<tr><td>7</td><td>घरबाटो सिफारीस</td><td>०</td><td>०</td></tr>
<tr><td>8</td><td>नक्सा पास</td><td>०</td><td>०</td></tr>
<tr><td>9</td><td>नाता प्रमाणीत</td><td>०</td><td>०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | । गाउँपालिकाको संघ तर्फको सामाजिक सुरक्षा कार्यक्रमको मात्र कोष तथा लेखा नियन्त्रक कार्यालय म्याग्दीबाट आन्तरीक लेखापरीक्षण भएको भएता पनि सो वाहेक पालिकाको समग्र कारोबारको आन्तरिक लेखापरीक्षण शाखाबाट आन्तरीक लेखापरीक्षण भएको छैन । पालिकाको आन्तरिक लेखापरीक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| १९ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक क्षेत्रभित्रको अनुसूची-२११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । | • |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ ७० र प्रशासनिकतर्फ २४ समेत ९४ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः ५९ र १६ समेत ७५ पदपूर्ति भई १९जना रिक्त रहेकोले कार्यालय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाइयो।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• सङ्घीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविक गाउँ विकास समितिको नाममा रहेका पेस्की तथा बेरुजुको लगत तयार गरेको पाइएन ।<br>• भ्रमणमा खटिने कर्मचारीहरूबाट भ्रमण प्रतिवेदन लिने नगरेको ।<br>• यातायात खर्च भुक्तानी गर्दा स्पष्ट मापदण्ड र दररेट निर्धारण नगरेको<br>• सञ्चालित सबै कार्यक्रमहरूको नियमित अनुगमन सोको नियमित प्रतिवेदन गर्ने गरेको छैन ।<br>• योजनागत रुपमा अलग अलग नापी किताब नराखेका एवं निर्माण कार्यको हालसम्मको परिमाण र खर्च देखिने एकीकृत नापी किताब प्रयोगमा नल्याएको ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ वमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको रेखदेख, मर्मत सम्भार र संरक्षण गरे नगरेको अभिलेख नराखेको ।<br>• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• योजनागत रुपमा अलग अलग नापी किताब नराखेको एवं निर्माण कार्यको हालसम्मको परीमाण र खर्च देखिने एकिकृत नापी किताव प्रयोगमा नल्याएको ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको रेखदेख,मर्मत सम्भार र संरक्षण गरे नगरेको अभिलेख राखेको पाइएन ।<br>• उपभोक्ता समितिबाट भएको कार्यको कतिपय भुक्तानी भरपाई मार्फत गरेको ।<br>• तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २० | | | **रकम ढिला दाखिला गर्ने र रसिद नियन्त्रण खाता** | |

नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र बैंक दाखिला गर्नुपर्दछ । स्थानीय तह अन्तरगतका वडाहरूले कतिपय मासिक रुपमा मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ ।

रसिद नियन्त्रण खाता - नगरपालिका कार्यालय र १० वटा वडा कार्यालयहरूले नगरपालिकाबाट प्राप्त रसिद प्याड थान, आम्दानीमा प्रयोग भएका रसिदहरू र बाकी रहेका रसिदहरूको अभिलेख अद्यावधिक गरेको छैन ।कार्यालयले यो वर्ष आन्तरिक आम्दानी रु. २,९०,२६,८१६। भएको बिवरण प्राप्त भएको छ । तोकिएका म.ले.प.फारम नं. १०५, १०६,१०७,१०८ लगायत निम्नानुसारका अभिलेखहरू व्यवस्थित राखेको नदेखिदा नगरपालिका र वडा कार्यालयहरूबाट भएको आम्दानी यकिन गर्न सकिएन।

आन्तरिक आयमा प्रयोग हुने रसिदहरूको छपाई, आम्दानी, खर्च र बाँकीको अभिलेख देखिने रसिद नियन्त्रण खाता व्यवस्थित नरहेको

२१

**कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।पालिकावाट प्राप्त बिवरण रिपोट २ सक्षित विवरण अनुसार ती शीर्षकमा यस वर्षको आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ

| क.स. | विवरण | अनुमान | आम्दानी | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | एकिकृत सम्पत्ती कर | ३००००० | १०५६४५४ | ३५२.१५ |
| २ | घर बहाल कर | ३००००० | ४४२१९९ | १४७.४ |
| ३ | बहाल बिटौरी शुल्क | १००००० | ० | ० |
| ५ | अन्य कर | २०००००० | १९७६००० | ९८.८ |
| ७ | सिफारिस दस्तुर | १२००००० | १५११६२५ | १२५.९७ |
| ८ | अन्य मनोरज्न कर | ८०००० | ० | 0 |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०</td><td>अन्य क्षेत्रको आय</td><td>५०००</td><td>२३८१५७६।२६</td><td>०</td></tr>
<tr><td>११</td><td>प्रशासनिक दण्ड जरिवाना र जफत</td><td>५०००</td><td>०</td><td>०</td></tr>
<tr><td>१२</td><td>पर्यटन शुल्क</td><td>५००००००</td><td>०</td><td>०</td></tr>
<tr><td>१३</td><td>व्यवसाय कर</td><td>५००००</td><td>५००००</td><td>६९.४१</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९०४००००</td><td>७४१७८५४</td><td>११२.९४</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क प्राप्त गरेको देखियो । व्यवसायकर अनुमानको ६९.४१प्रतिशत मात्र असुली भएकोले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>राजश्वको आयव्यय विवरण<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को दफा ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठन छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम राजस्व लेखा अध्यावधिक अभिलेख गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयको आयव्यय हिसाव विवरण परीक्षण गर्दा पालिकाको कुल आन्तरिक आय रु. ७४,१७,८५४। देखिएकोमा बैंक स्टेटमेन्टमा सो आन्तरीक आय रु.७२,५३,२२९। रहेको देखिन्छ ।स्रेस्ता भन्दा बैंक खातामा (prabhu bank limited a/c no.1540110412600056) मा घटी देखिएको रु.१,६४,६२५। सम्बन्धित कर्मचारीलाइ जिम्मेवार बनाइ असुल गर्नुपर्ने देखिएको रु.</td><td>१६४६२५</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>राजस्व लेखा अधावधिक<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ दफा ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरि राजस्व हिनामना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे वा नरहेको निरीक्षण गरी सोको अभिलेख अधावधिक गर्नुपर्ने व्यवस्था छ ।<br>गत वर्षको उठन बाँकी रु.२३,६०,०००। लगत बाँकी भए पनि सोको नामनामेसी खुलाएको छैन । यस वर्षको ढुंगा गिटी वालुवा वाहेक अन्य उठन बाँकी राजस्व रु.२८७,००० कायम गरेको देखिन्छ ।जम्मा उठ्न बाकी बक्यौताको कायमी लगत रु.२६४६००० को नाम नामेसी अद्यावधिक गरी असूल गर्नुपर्ने देखिएको रु.</td><td>२६४६०००</td></tr>
</table>

२४

**विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ मा व्ययको बजेट अनुमान तर्जुमा गर्दा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविध खर्च तर्फ मात्र रु. २२४६००० खर्च गरेको छ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२५

**कोभिड १९ सम्बन्धी खर्चको स्थिति**

आर्थिक वर्ष २०७८।७९ यस वर्षको कोभिड १९ सम्बन्धी खर्चको स्थिति निम्नानुसार रहेको छ ।

| सि नं | बिवरण | आय रकम | सि नं | बिवरण | खर्च रकम रु. हजारमा |
|---|---|---|---|---|---|
| १ | गत बर्षको जिम्मेवारी | ४०४१ | १ | राहत वितरणमा भएको खर्च | ० |
| २ | यस बर्षको आम्दानी | १०००० | २ | क्वारेण्टाईन तथा आईसोलेसन निर्माण | ७४ |
| | | | ३ | औषधि खरिदमा भएको खर्च | ५०६ |
| | | | ४ | जोखिम भत्तामा खर्च | ३०० |
| | | | ५ | उपकरण खरिद | ० |
| | | | ६ | अन्य विविध खर्च | ३२९ |
| | | | | जम्मा खर्च | १२०९ |
| | | | | बाँकी | १२८३२ |
| | जम्मा | १४०४१ | | जम्मा | १४०४१ |

२६

**बित्तीय बिवरणमा समावेश नभएका शीर्षकहरु**

गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट निकाशा तथा आन्तरीक लेखापरीक्षण भएका शीर्षक शीर्षकहरू निम्नानुसार रहेका छन्:

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| 1. | सामाजिक सुरक्षा तथा संरक्षण | 91779264 | 91375579 |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>2.</td><td>एकिकृत स्वास्थ्य पूर्वाधार बिकास कार्यक्रम</td><td>३७७२६०००</td><td>२९५०८९१५</td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td>१२९५०५२६४</td><td>१२०८८४४९४</td></tr>
<tr><td>३</td><td>अन्य सार्जनिक निर्माण (प्रदेश तर्फ)</td><td>१००००००</td><td>७३४६३५</td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td>१३०५०५२६४</td><td>१२१६१९१२९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>जिन्सी व्यवस्थापन<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २077 को नियम ९५ मा कार्यालय प्रमुखले कार्यालयमा रहेका र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ ।जिन्सी निरीक्षण प्रतिवेदन, २०७८।०७९ लाई अध्ययन गरी हेर्दा, जिन्सी सामानको परिमाण मात्र उल्लेख गरिएको परल मुल्य नखुलाइएको, केही सामाग्रीहरु पार्म्समा दाखिला नगरिएको, कृषि, आयुर्वैदिक/स्वास्थ्य तथा पशु शाखा अन्तर्गत खरिद गरिएका सामाग्रीहरु पालिकाको जिन्सी खातामा दाखिला गरेको समेत नदेखिएकोले जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>नर्म्स<br>सार्वजनिक खरिद नियमावलीको नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने व्यवस्था छ। यस पालिकाले निर्माण कार्यको लागत अनुमान तयार गर्न दर विश्लेषण गर्दा प्रयोग गर्ने नर्म्सको आधार स्थानीय पूर्वाधार विभाग (DOLI) लाई दिएको छ।पालिकाले अधिकांश निर्माण मेशीन तथा उपकरण प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेको अवस्थामा सडक निर्माण तथा सुधारको लागत अनुमान सडक विभाग (DOR) बाट तयार भएको नर्म्स प्रयोग गर्नु पर्नेमा श्रममूलक DOLI को नर्म्स प्रयोग गरेको देखिन्छ। निर्माण कार्यको लागत अनुमान तयार गर्दा श्रोत साधनको मित्तव्ययी हुनेगरी नर्म्सको प्रयोग गरी दरविश्लेषण गरिनु पर्दछ। उदाहरणको लागि राम्चे हिस्तान सडक स्तरोन्नती कार्यको रु ८०२८७७९।८३ को लागत अनुमान तयार गर्दा ढलान कार्यको लागि डण्डीको मात्रा १ घनमिटरको लागि १ राख्नुपर्नेमा १.०५ राखि बढी परीमाण ०.०५ ले प्रति मे.टन रु ८६०००। ले ओभरहेड र मु अ कर सहित रु ५९२०७।बढी व्ययभार पर्ने गरी लागत अनुमानमा समावेश भएको छ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>कार्य सम्पादन जमानत/वीमा अवधी</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | क ) कार्यसम्पादन जमानत — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक कार्य सम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा १ महिना वढी अवधिको हुनुपर्ने व्यवस्था छ । कार्यालयले सम्पन्न गर्नुपर्ने र भएको अवधि २०७९।१।१२ रहेको स्टील पार्ट्स खरिद कार्यको एस के इन्जिनियरींगं इण्डस्ट्रिजको कार्य सम्पादन जमानतको अवधि २०७९।९।२६ सम्म मात्र रहेको छ । उक्त कार्यको तद्अनुसार अवधी समेटीने गरी कार्य सम्पादन जमानतको अवधी नभएकोले नियमावलीको उक्त व्यवस्था अनुसार निर्माण कार्यको कार्य सम्पादन जमानतको अवधि कायम गर्नु पर्दछ ।<br><br>ख ) वीमा अवधी - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाण पत्र जारी गरिने मिति सम्म निर्माण कार्यको जुनसुकै कारणबाट हुने सवै हानी नोक्सानी विरुद्ध वीमा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले निम्न निर्माण कार्यको तदनुसार अवधि समेटीने गरी वीमा गरेको छैन । उक्त व्यवस्था अनुसार निर्माण कार्यको वीमा अवधि कायम गरिनु पर्दछ ।<br><br>ठे.नं. — निर्माण कार्य — संझौता रकम — सम्पन्न हुने मिति — कायम वीमा मिति<br>६।२०७७।७८ — ५ शैय्याको अस्पताल निर्माण — ५१२६०६५२ — २०७९।८।१५ — २०४०।४।१४ | |
| ३० | | | **पाँच शैय्याको अस्पताल निर्माण**<br>दोवा अन्नपूर्ण १ मा ५ शैय्याको अस्पताल निर्माण गर्न कबोल अंक रु ५१२६०६५२। मा २०७९।४।१७ सम्ममा सम्पन्न गर्ने गरीव २०७८।१।१७ मा सम्झौता भएकोमा निजलाइ म्याद थपको निर्णय बेगर सिधै २०७९।४।१७ मा २०७९।८।१५ सम्म म्याद थपको पत्र जारी गरेको छ । म्याद थप समेत सो ठेक्काको ७३ प्रतिशत समय ब्यतीत भैसकेको अवस्थामा निर्माण कार्यको भौतिक प्रगति ७० प्रतिशत र बित्तीय प्रगति ६५।४२ प्रतिशत मात्र रहेको छ । अस्पताल भवन निर्माण कार्यमा बिलम्व हुंदा सेवा प्रवाहमा असर पर्ने हुंदा थप गरेको अवधि भित्र निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । | |
| ३१ | | | **पेश्की बाकी**<br>पालिकाबाट प्राप्त फछ्यौट गर्न बाँकी पेश्कीको मास्केबारी (म.ले.प.फा.नं.211) अनुसार बर्षान्तमी निम्नानुसार पेश्की बाँकी देखिएकोले उक्त पेश्की रकम सार्वजनिक खरिद नियमावली, 2064 को नियम 113 बमोजिम फछ्यौट हुनुपर्ने रु.<br><br>पेश्कीको विवरण — फछ्यौटको अन्तिम म्याद — म्याद नाघेको पेश्की | ३५७६५१ |

